# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

## बैठक संख्याः ५
## (मितिः २०८०/०५/११)

**कार्यसूचीः**

१. सभापतिको निर्वाचन।

२. विविध।

## छलफल तथा निर्णय

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिको निर्वाचन गर्ने कार्यसूचि अन्तर्गत यस समितिका सदस्य माननीय राज किशोर यादवलाई समितिको सभापतिमा निर्वाचित गरियोस् भनी माननीय उदय शंशेर ज. ब. रा. प्रस्तावक र माननीय छिरिङ ल्हामु लामा (तामाङ) समर्थक रहनुभएको एक मात्र प्रस्तावको सूचना प्राप्त हुन आएकाले समितिको आजको बैठकबाट प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (४) बमोजिम माननीय राज किशोर यादवलाई अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापति पदमा निर्विरोध निर्वाचित गरियो । त्यसपछि समितिका माननीय सदस्यहरुले समितिका नवनिर्वाचित सभापतिलाई बधाई तथा शुभकामना प्रदान गर्नुभयो।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।